बैठक संख्याः १ (आ.व.२०८३/८४)

सम्वत् २०८३ साल श्रावण ७ , ने.सं. ११४६ दिल्लाथ्व नवमी विहीबार जिल्ला प्रशासन कार्यालय, रसुवाको सभाहलमा प्रमुख जिल्ला अधिकारी श्री नरेन्द्र परियारको अध्यक्षतामा जिल्लास्थित देहायका सरकारी तथा सार्वजनिक निकायका कार्यालय प्रमुखहरूको उपस्थितिमा कार्यालय प्रमुखको नियमित बैठक बसी निम्नानुसारको निर्णयहरू गरियो।

उपस्थितिः

| हस्ताक्षर | नाम, थर | पद/दर्जा | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री नरेन्द्र परियार | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | श्री राजेन्द्र ढुंगाना | प्रमुख भन्सार अधिकृत | रसुवा भन्सार कार्यालय, रसुवा |
| | श्री बिन्ध्या कार्की | प्रमुख कोष नियन्त्रक | कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा |
| | श्री प्रद्युम्न प्रसाद गौतम | प्रमुख सेनानी/गणपति | श्रीनाथ दल गण व्रावल व्यारेक, रसुवा |
| | श्री अशोक थापा | प्रहरी नायब उपरीक्षक | जिल्ला प्रहरी कार्यालय, रसुवा |
| | श्री प्रदिप राई | सशस्त्र प्रहरी नायब उपरीक्षक | स.प्र.बल नेपाल, नं. २० गुल्म हे.क्वा. रसुवा |
| | श्री हेमन्त कुमार थिङ्ग | प्रमुख अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रसुवा |
| | डा.नविन शर्मा PhD | वरिष्ठ वाली संरक्षण अधिकृत | प्लाण्ट क्वारेन्टाईन, टिमुरे |
| | श्री शम्भु तामाङ | डिभिजनल वन अधिकृत | डिभिजन वन कार्यालय, रसुवा |
| | श्री महेन्द्र प्रसाद भण्डारी | कार्यालय प्रमुख (S2) | रेन्वो ट्राउट मत्स्य अनुसन्धान केन्द्र रसुवा |
| | डा.वोधराज वराल | नि. कार्यालय प्रमुख (S2) | चरन तथा घाँसेवाली अनुसन्धान केन्द्र, रसुवा |
| | श्री द्रुव प्रसाद अधिकारी | सहायक प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, रसुवा |
| | श्री यादव~~लाल~~ भण्डारी | अध्यागमन अधिकृत | अध्यागमन कार्यालय, रसुवागढी |
| | श्री रविन्द्र पौडेल | वरिष्ठ कृषि अधिकृत | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम नुवाकोट |
| | श्री मिनराज रिमाल | हुलाक अधिकृत | जिल्ला हुलाक कार्यालय, रसुवा |

| हस्ताक्षर | नाम, थर | पद/दर्जा | कार्यालय/निकाय |
|---|---|---|---|
| | ई. शिवजी के.सी. | कार्यालय प्रमुख/नापी अधिकृत | नापी कार्यालय, रसुवा |
| | डा.अमित प्रजापति | मेडिकल सुपरिटेन्डेन्ट | रसुवा अस्पताल, धुन्चे |
| | डा.रोजिना ताम्राकार | कार्यालय प्रमुख | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, रसुवा |
| | श्री दुर्गा प्रसाद सिलवाल | ईकाई प्रमुख | शिक्षा विकास तथा समन्वय इकाई, रसुवा |
| | श्री गणेश प्रसाद तिवारी | संरक्षण अधिकृत | लाडटाङ राष्ट्रिय निकुञ्ज कार्यालय, रसुवा |
| | श्री निरध्वज घर्ति मगर | जनस्वास्थ्य अधिकृत | जनस्वास्थ्य कार्यालय, रसुवा |
| | ई.सुवास बाँनिया | सव-डिभिजन प्रमुख | जलस्रोत तथा खानेपानी विकास डिभिजन कार्यालय, रसुवा |
| | ~~ई.रविन महर्जन~~ ले.अ.रोशन राज बस्नेत | कार्यालय प्रमुख | पूर्वाधार विकास कार्यालय, रसुवा |
| | श्री दिपराज वस्नेत | ईन्जिनियर | जिल्ला समन्वय समितिको कार्यालय, रसुवा |
| | श्री होमनाथ दाहाल | प्रमुख प्रशासकीय अधिकृत | उत्तरगया गाउँपालिका, रसुवा |
| | श्री | प्रमुख प्रशासकीय अधिकृत | आमाछोदिङ्मो गाउँपालिका, रसुवा |
| | श्री राजेन्द्र सिंह साहु | वरिष्ठ विद्यालय निरिक्षक | नौकुण्ड गाउँपालिका, रसुवा |
| | श्री अजयराम सापकोटा | शिक्षा अधिकृत | गोसाईकुण्ड गाउँपालिका, रसुवा |
| | श्री लिलानाथ नेपाल | शाखा अधिकृत | कालिका गाउँपालिका, रसुवा |
| | श्री रोशन राज वस्नेत | लेखा अधिकृत | पूर्वाधार विकास कार्यालय, रसुवा |
| | श्री नविन देउजा | कार्यालय प्रमुख | खाद्य आयात निर्यात गुणस्तर प्रमाणिकरण कार्यालय, टिमुरे |
| | श्री गणेश श्रेष्ठ | कार्यालय प्रमुख | भूमि प्रशासन कार्यालय, रसुवा |
| | श्री महेश आचार्य | नायब सुब्बा | जिल्ला निर्वाचन कार्यालय, रसुवा |
| | ई.गुञ्जमान तामाङ | कार्यालय प्रमुख | ने.वि.प्रा., रसुवा वितरण केन्द्र, रसुवा |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

| हस्ताक्षर | नाम, थर | पद/दर्जा | कार्यालय/निकाय |
|---|---|---|---|
| | श्री नारायण राज श्रेष्ठ | कार्यालय प्रमुख | नेपाल दूरसञ्चार कार्यालय, रसुवा |
| | श्री बुद्धवीर लामा | सव-इन्जिनियर | सघन शहरी तथा भवन नि.आ. |
| | श्री सुरेन्द्र तामाङ | सहायकस्तर पाचौं | उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, रसुवा |
| | श्री जलन्धर यादव | प्रहरी सहायक निरीक्षक | जिल्ला ट्राफिक प्रहरी कार्यालय, रसुवा |
| | श्री बिदुर कुमार श्रेष्ठ | शाखा प्रबन्धक | कृषि विकास बैंक लि., धुञ्चे शाखा |
| | श्री कृष्ण तामाङ | शाखा प्रबन्धक | नेपाल बैंक लि., धुञ्चे शाखा |
| | श्री सुविना प्रधान | शाखा प्रबन्धक | राष्ट्रिय वाणिज्य बैंक लि., धुञ्चे शाखा |
| | श्री सन्तोष बज्राचार्य | शाखा प्रबन्धक | नबिल बैंक लि., धुञ्चे शाखा |
| | श्री बिदुर अधिकारी | शाखा प्रबन्धक | ग्लोबल आई.एम.ई.बैंक लि., धुञ्चे शाखा |
| | श्रीजेश बज्राचार्य | शाखा प्रबन्धक | एन.एम.वि.बैंक लि., धुञ्चे शाखा |
| | श्री पार्वती रोकाया | विवरण दर्ता | स्वास्थ्य बीमा बोर्ड, रसुवा शाखा |
| | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | जिल्ला प्रशासन कार्यालय, रुवा |
| | श्री सूर्य बहादुर तामाङ | सहायक कम्प्युटर अपरेटर | उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, रसुवा |
| | | | |
| | | | |
| | | | |
| | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

<u>कार्यालय प्रमुख बैठकका निर्णयहरू:</u>

१. यस अघिका बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्था सम्वन्धमा समिक्षा गरियो।

२. मनसुनजन्य विपद् लगायतका घटनालाई मध्यनजर गरी कार्यालय प्रमुख बिदा वा काजमा वसी जिल्ला नछाड्ने, मातहत कर्मचारीहरूको समेत अत्यावश्यक काम बाहेक बिदा वा काज स्वीकृत नगर्ने र विपद् जोखिम न्यूनीकरण, खोज, उद्धार र राहतका लागि सरकारी सवारी साधन तथा विपद् सम्बन्धी उपकरणहरू दुरुस्त अवस्थामा राख्ने भनी निर्णय भएकाले सोही बमोजिम गर्ने/गराउने। साथै, कार्यालयमा रहेका हेभी सवारी साधन, ट्रक/कन्टेनर, चार पाङ्ग्रे लगायतका सवारी साधनहरू कुनैपनि बेला विपद् व्यवस्थापनमा प्रयोग हुने गरी चालु अवस्थामा राख्ने।

३. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा), सिंहदरबार, काठमाडौंको च.नं. भ्र.नि./५२१/३५ मिति २०८३।०४।०४ गतेको पत्रसाथ प्राप्त मिति २०८३।०४।०४ गतेको सचिव बैठकबाट भएका देहाय निर्णयहरू विषयगत कार्यालयहरूले कार्यान्वयन गर्ने/गराउने।

<u>देहाय:</u>

क. नेपाल सरकारको शासकीय सुधारको एकसय कार्यसूची अन्तर्गत सुशासन प्रवर्द्धन, सेवाप्रवाह सुधार, निर्णय प्रक्रिया सरलीकरण गर्न Business Process Re-engineering (BPR) मार्फत पहिचान गरिएका अनावश्यक प्रकृया, कागजात तथा तहहरू हटाई निर्णय निर्माण छिटो, सरल र नागरिकमैत्री बनाउने।

ख. कार्यालयमा QR Code, E-mail, Mobile Application तथा सामाजिक सञ्जालमार्फत एकीकृत नागरिक गुनासो तथा सुझाव व्यवस्थापन प्रणाली सञ्चालन, गुनासोको अभिलेखिकरणका साथै सोको शतप्रतिशत सम्बोधन गरी प्रत्येक गुनासोको निश्चित समयभित्र समाधान गर्ने व्यवस्था मिलाउने।

ग. नयाँ संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुरूप नेपाल सरकारका विभिन्न दरवन्दीहरू घट्दा फाजिलमा पर्ने कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएको हुँदा चालु आ.व.मा कुनैपनि सरकारी कार्यालयले स्थायी पदपूर्ति नगर्ने र स्थायी पदपूर्तिका लागि लोकसेवा आयोगमा माग नगर्ने/गराउने।

घ. आफू मातहतका सबै कर्मचारीहरूलाई अनुशासित, नैतिक र सदाचारयुक्त बनाउन विद्यमान कानून बमोजिमको आचरण पालनामा जोड दिँदै हाल नेपालले स्वीकृत गरेको राष्ट्रिय सदाचार नीति, २०८३ को प्रभावकारी कार्यान्वयन गर्ने।

ङ. कार्यालयमा ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन कर्मचारीको सरुवा, बढुवा, अवकास वा जिम्मेवारी हेरफेर हुँदा निजले सम्पादन गरिरहेको कामको निरन्तरताको लागि संस्थागत स्मृति हस्तान्तरण (Institution Memory Handover) लाई अनिवार्य कार्यान्वयन गर्ने/गराउने।

च. चालु आ.व.मा विनियोजित बजेट तथा कार्यक्रम तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न तत्काल बजेट कार्यान्वयन कार्यतालिका बनाई आर्थिक वर्षको सुरुदेखि नै सार्वजनिक खरिद प्रक्रिया अगाडि बढाउने।

४. नेपाल सरकार, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको च.नं. १४५१ मिति २०८३।०३।३२ गतेको पत्रबाट राष्ट्र सेवक निजामती कर्मचारीहरूले कार्यालय समयमा नेपाल सरकारद्वारा तोकिएको (किसिम र रङ) बमोजिमको पोषाक र सम्बन्धित कार्यालयबाट जारी भएको परिचयपत्र अनिवार्य रूपमा लगाउने व्यवस्था मिलाउने।

५. नेपाल सरकार, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौंको प.सं. २०८३/८४ मार्गदर्शन च.नं. १ मिति २०८३।०४।०१ गतेको आर्थिक वर्ष २०८३/८४ को बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन बमोजिम कार्यतालिका बनाई कार्यान्वयन गर्ने/गराउने।

६. चालु आर्थिक वर्षमा कार्यालयबाट सम्पादन गर्नुपर्ने वार्षिक कार्यक्रम सहितको कार्ययोजना अद्यावधिक गरी Action Plan निर्माण गरी कार्यान्वयन गर्ने।

७. यस जिल्लामा सरूवा भई आउनु भएका श्रीमान् प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियार, श्री रसुवा भन्सार कार्यालय, टिमुरेमा सरुवा भई आउनु भएका प्रमुख भन्सार अधिकृत श्री राजेन्द्र ढुंगाना, श्री सशस्त्र प्रहरी बल नेपाल, नं. २० गुल्म हे.क्वा.रसुवामा सरूवा भई आउनु भएका गुल्मपति/सशस्त्र प्रहरी नायब उपरीक्षक श्री प्रदिप राई र श्री जिल्ला हुलाक कार्यालय, रसुवामा सरूवा भई आउनु भएका हुलाक अधिकृत श्री मिनराज रिमाललाई सफल कार्यकालको शुभकामना सहित स्वागत गरियो।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा